आज मिति २०८२ साल बैशाख १६ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८१/८२ को एघारौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | |
| २ | नवीन राम पौडेल | — . . — | |
| ३ | सुजन मिश्र | व. प्र. अ. | |
| ४ | कल्पना पाडेल | ले. अ. | |

## नगर-कार्यपालिकाको मिति २०८२/०१/१६ गतेको आ.व. २०८१/८२ को बाह्रौं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८१/१२/२५ गते बसेको आ.व २०८१/८२ को दशौं बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं २**

विधायन समितिबाट पेश भएको सुन्दरबजार नगरपालिकाको सामुदायिक विद्यालय लेखापरीक्षण कार्यविधि,२०८२ पारित गरियो ।

**निर्णय नं ३**

संस्कृतिसदन माध्यमिक विद्यालय, सुनपा ४ लगायत केही विद्यालयहरुमा माध्यमिक तथा निम्न माध्यमिक तहको गणित विषयका शिक्षकहरु करारमा नियुक्ति गर्नका लागि १५ दिनको म्याद राखी पटक पटक सूचना गर्दा पनि अध्यापन अनुमति पत्र सहित योग्यता पुगेका उम्मेदवारहरुको दरखास्त नपरेको जानकारी भएको र विगतमा पनि यस्तै परिस्थिति आउँदा कार्यपालिकाले शिक्षक सेवा आयोगबाट उक्त निर्णय पश्चात हुने पहिलो विज्ञापन अनुसार अध्यापन अनुमति पत्रको नतीजा प्रकाशन भई अध्यापन अनुमति पत्र वितरण शुरु नभएसम्म कायम रहने गरी अध्यापन अनुमति पत्र भएका उम्मेदवार नआई अध्यापन अनुमति पत्र नभएका तर शैक्षिक योग्यता पुगेका उम्मेदवारको मात्र दरखास्त परेमा यस्ता उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराई करारमा शिक्षक नियुक्त गर्न सकिने निर्णय गरेको दृष्टान्त रहेकोले गणित र विज्ञान विषयको माध्यमिक तथा निम्न माध्यमिक शिक्षक व्यवस्थापनका सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो :

क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्वीकृत दरबन्दी वा राहत अनुदान वा शिक्षण सिकाइ अनुदानबाट करारमा शिक्षक नियुक्तिका लागि अनुमति प्राप्त भए पछि विद्यालयले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा तथा विद्यालयमा दरखास्त दिन सकिने गरी सूचना गर्ने,

ख) गणित वा विज्ञान विषयको माध्यमिक तथा निम्न माध्यमिक शिक्षक पदमा अध्यापन अनुमति पत्र भएका वा नभएका दुवै थरि उम्मेदवारको दरखास्त लिन सकिने,

ग) यस निर्णयको खण्ड ख) बमोजिम अध्यापन अनुमति पत्र भएका तथा नभएका दुवै थरि उम्मेदवारको दरखास्त परेमा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारको दरखास्त शुल्क फिर्ता गरी अध्यापन अनुमति पत्र भएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरी उनीहरु बीच नियम अनुसार प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

घ) यस निर्णयको खण्ड ख) बमोजिम दरखास्त माग गर्दा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरुको मात्र दरखास्त परेमा निजहरु बीच प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

ङ) शिक्षक सेवा आयोगबाट यस पछि हुने पहिलो विज्ञापन अनुसार खण्ड घ) बमोजिम करार गरिएको शिक्षक सफल भएमा निजलाई निरन्तरता दिन सकिने तर निज असफल भएमा उक्त विज्ञापनको नतीजा प्रकाशन भई अध्यापन अनुमति पत्र वितरण शुरु भएको ३० दिन पश्चात यस्तो शिक्षकको करार स्वतः अन्त्य हुने ।

२०८२/०१/१६

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

विविध प्रस्तावका निर्णयहरु :

क. यस नगरपालिकामा आर्थिक सहायताका लागि परेका निवेदन उपर छलफल गर्दा तपसिल अनुसारका व्यक्ति, संघ/संस्थाहरुलाई निम्न बमोजिमको वजेट व्यवस्था गर्ने ।

| सि.नं | व्यक्ति/संस्था | वडा नं | वजेट रु | शीर्षक |
|---|---|---|---|---|
| १ | शुक बहादुर दुरा- छाना छाउन | वडा नं ३ | २५००० | विपद व्यवस्थापन |
| २ | राम बहादुर भुजेल-क्रिया खर्च | वडा नं ३ | २५००० | आर्थिक सहायता खर्च |
| ३ | रुपा सापकोटा- ट्वालेट निर्माण | वडा नं ७ | २५००० | विविध पूँजिगत |
| ४ | भोज बहादुर गुरुङ्ग- कुखुरा मरेको राहत | वडा नं ७ | ४०००० | विपद व्यवस्थापन |
| ५ | डिल बहादुर गुरुङ्ग- छाना छाउन | वडा नं ५ | २५००० | विपद व्यवस्थापन |
| ६ | काजी भुजेल - छाना छाउन | वडा नं १० | २५००० | विपद व्यवस्थापन |
| ७ | चन्द्रकान्त पण्डित- पहिरो जोखिम | | ५०००० | विपद व्यवस्थापन |
| ८ | मस्याङ्दी बहुमुखी क्याम्पस | | ५०००० | विविध चालु |
| ९ | उद्योग वाणिज्य संघ भोटेवडार ईकाइ फर्निचर खरिद | | १२५००० | विविध चालु |
| | जम्मा | | ३९०००० | |

२०८२/०१/१६

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०१/१६

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख